कार्यक्रम संख्या १

# खप्तड छेडेदह गाउँपालिकाद्वारा प्रकाशित

## खप्तड छेडेदह गाउँपालिकाको नर्सरी व्यवस्थापन कार्यक्रम २०७४

**कार्यपालिकाबाट स्वीकृत मिति : –२०७४।१२।१४**

**७ नं प्रदेश, नेपाल**

**१ प्रस्तावित कार्यक्रमको नाम** :- नर्सरी व्यवस्थापन  कार्यक्रम  ।

**२ कार्यक्रम सँञ्चालन हुने स्थान** :- छेडेदह ाागाउँपालिका वडा नं. १ देखि७ सम्म  ।

**३  कार्यक्रमको परिचय** :-

यस कार्यक्रमको नाम नर्सरी व्यवस्थापन रहने छ । यस छेडेदह गाउँपालिकाको प्रत्येक वडामा नर्सरी व्यवस्थापन गरी खाली रहेको ठाउमा बृक्षारोपण गरी हरियाली सुन्दर खप्तड छेडेदह गा.पा. बनाउने यस कार्यक्रमको मुख्य लक्ष्य रहेको छ । यस गाउँपालिकाको प्रत्येक वडामा १ वा २ वटा नर्सरी स्थापना गर्ने र सोही वडा बाट १ वा २ जना नर्सरी नाइके छनौट गरिने छ । छनौट भएका नाइकहरुलाई पहल कार्यक्रम सँग साझेदारी गरी प्रविधिक तालिमको व्यवस्था गर्ने । सो अनुसार पहल कार्यक्रम र गाउँपालिकाको समन्वयमा यस छेडेदह गाउँपालिका अन्तरगत वडा नं ५र २ माबृहत आधुनिक नर्सरीका लागी साझेदारी गर्ने साझेदारी भए बमोजिम बिषय गत शाखा नर्सरी व्यवस्थापनको शिर्षकमा विनियोजित रकम मध्ये १,०००००। (अक्षरुपि एकलाख) साझेदारी कार्यक्रमा लगानी गर्ने । सो लगानी डोगडी नर्सरीमा गर्ने र वडा नं २ जयबागेश्वरिमा गाउँपालिकाको मइचिङफोन्ड बाट लगानि गर्ने ।अन्य वडाहरुमा गा.पा.को रकमबाट नर्सरी स्थापना गरिनेछ ।  यस कार्यक्रमले गाउ बस्ती हरियाली बनाई नर्सरी नाईकेको पनि व्यवसायिक रुपमा आर्थिक उन्नती हुनेछ ।

**४ कार्यक्रमको यदेश्**य :-

(क) हरियाली बातावाण सृजना गर्ने ।

(ख) व्यवसायिक रुपमा आर्थिक बृदि गर्ने ।

(ग) पहिरो लाग्न बाट बच्न ।

(घ) काठ सम्बन्धी कच्चा पर्दाथ स्थानिय स्तरमा उपलब्धता गर्ने ।

(ङ) पानीको श्रोत उपलब्धतता हुनेछ । ।

**५ कार्यक्रम अवधि** :- यो कार्यक्रम २०७४ देखि २०७५ अषाढ मसान्त सम्मका लागी

१ कार्यक्रम सँचालन गर्ने निकाय :- यस कार्यक्रम कार्यन्वयन गर्ने निकाय छेडेदह गाउँपालिकाको कार्यालय रहनेछ ।

२ कार्यक्रम कार्यन्वयन बिधि :- यस कार्यक्रमको कार्यन्वयनका लागी तपसिलका बिधि अपनाईनेछ ।

(क) नर्सरी व्यवस्थापन कार्यक्रम गर्नका लागी नर्सरी नाइके बिचमा एउटा सहजिकरण समिति गठन गरिनेछ सो समितिले एक अर्को ठाउमा गई अनुगमन तथा एक आपसमा सहजीकरण गर्नृ छ । यस समितिले गाउँपलिकाको मातहातमा रही प्रबिधिक इस्टमेटका

आधारमा टनेला देखि अन्य कार्य गरेको हुनेछ नर्सरीमा बिरुवा उत्पादन गरी यस छेडेदह गाउँपालिका भित्रको` खालि ठाउ र सार्वजनिक खाली ठाउ तथा बन भित्र बिरुवा बृक्षारोपण गराउने कार्य बिषयगत शाखा, नर्सरी नाइके एंव अन्य सरोकारवालााको जिम्मेबारी रहने छ ।

(ख) नमुना नर्सरी छनोट कार्यक्रम :-

यस छेडेदह गाउापालिका १ देखि ७ वटा वडाका नर्सरी लाई अनुगमन गरी राम्रो काम गर्ने लाई पुरुस्कार व्यवस्था गर्ने छ । अनुगमन गर्दा नर्सरी नाईकेको मासिक प्रतिवेदन वा प्रबिधिक मुल्याङ्कनका आधारमा छनोट गरिनेछ ।

"" अनुगमन तथा मुल्याङ्कन ""

कार्यक्रमको परिचालन तथा प्रभावकारिताका लागी सम्बन्धित वडामा नब र्निवाजित पदाधिकारी को रोहबरमा ३ सदस्यि समिति गठन गरिनेछ ।उक्त समितिले प्रतेक महिनाको १पटक स्थलगत नर्सरीको निरक्षण गरि वडा कार्यलय मार्फत गाउँपालिकामा मासिक प्रतिवेदन पेश गरिनेछ ।

"" अनुगमन समिति""

| | |
|---|---|
| १) सम्बन्धित वडाका वडाध्यक्ष वा निजले तोकेका वडा सदस्य | सयोजक |
| २)कृषि बिकास शाखाका शाखा प्रमुख | सदस्य |
| ३) कार्यक्रम संयोजक | सदस्य |
| ३) कार्यक्रमका सदस्य सचिव | सदस्य |

"" कार्यक्रमको उपलब्धि ""

यस कार्यक्रमले निम्न लिखित उपलब्धिहरु टोल बस्तीमा भएको हुनेछ ।

(क) खाली रहेको निजि तथा सार्वजनिक ठाउमा बृक्ष्यारोपण भएको हुनेछ ।

(ख) बातावरण सफा सुन्दर र हरियाली भएको हुने ।

(ग) आगामि ५ बर्ष भित्र पहिरो न्यूनिकरण भई पानीको मुहानको बृदि बिकास भउको हुनेछ ।

(घ) फलफुलका बोट बाट कुपोषित बच्चाहरुमा पोषण समेत पुगेको हुनेछ ।

(ङ) हरियाली बस्ती र्निमाण छेडेदह गाउँपालिका को अभियान कार्य सम्पन्न भएको हुनेछ ।

““ कार्यक्रमको बिस्तृत बजेट बिवरण ””

| क.स | कार्यक्रम | इकाई | दर | जम्मा |
|---|---|---|---|---|
| १ | पलाष्टिक टनेल खरिद | ४ वटा | १५०००। | ६००००। |
| २ | प्लाष्टिक पाइप | ४ कवाइल | ४०००। | १६००० |
| ३ | पोलिथिन | २०००० | २ | ४००००। |
| ४ | पलाष्ट्रिक हजारी | ४ थान | १००० | ४०००। |
| ५ | ब्यवस्थापन खर्च | पटक | | २०००० |
| ६ | बैठक भत्ता | ४ | १००० | २८०००। |
| ७ | प्रस्ताव लेखन | १ | ४५००। | ४५००। |
| ८ | बिऊँ खरिद | | | २०००००। |
| ९ | घर निर्माण | ४ | १००००। | ४००००। |
| १० | जाली खरिद | | | १५००। |
| ११ | पुरस्कार | | | ८००० |
| १२ | ह्रेडीङ्बोर्ड | ४ | १३५०० | ५४००० |
| १३ | मल खरिद | ५ | १०००० | ५०००० |
| १४ | माटो ढुवानी, बेड तयारी, पोली ब्याग | ५ | ३०००० | १५००० |
| | | | | ७१६५००। |